# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते,प्यूठान
## लुम्बिनी प्रदेश,नेपाल

प.स.: -२०७८/०७९ मिति :- २०७९/ ०२/ २३

च.नं / सूचना नं. : -१०६५

**विषय- सूचना टाँस गरिएको सम्वन्धमा।**

**श्री मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय,**
**चाकुपाट,ललितपुर।**

प्रस्तुत विषयमा ताहाँ निर्देशनालयको च.नं. ४०० मिति २०७९/०२/१० गतेको पत्र प्राप्त भयो। सो सम्वन्धमा गोखुङ्गा- बाग्दुला(२०४.४ कि.मि.) सडक स्तरोउन्नति आयोजनाको वातावरणीय मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्वन्धी सार्वजनिक सूचना यस कार्यालयको सूचनापाटी टाँस तथा वेवसाइट समेत प्रकाशन गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

२०७९/२/२३

............
सुशास रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय
चाकुपाट, ललितपुर

ई.मेलः-mabhpd@gmail.com
वेबः-www.dor.gov.np
फोन नं.:-०१-५२६०१७४

प.सं.:- ०७८/७९
च.नं.:- ४००

मिति: २०७९/०२/१०

श्री झिमरुक गाउँपालिका
प्यूठान।

विषय :- सूचना टाँस गरी मुचुल्का उपलब्ध गराई दिने सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका र प्यूठान जिल्लाको झिमरुक गाउँपालिका, मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, सडक विभागद्वारा गोखुङ्गा — बाग्दुला (२०.४ कि.मि) सडक स्तरोन्नति आयोजनाको प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण गर्नको निम्ति यस कार्यालयबाट प्रमाणित सार्वजनिक सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरेको पत्र उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

श्री प्रशासन
2068/2/23

झिमरुक गाउँपालिका
भ्यागुते, प्यूठान
दर्ता नं. १२०२
मिति: 2068/02/23

(ई. अशोक तिवारी)
आयोजना निर्देशक

गोखुङ्गा - बाग्दुला (२०.४ कि.मि) सडक स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति.....................)

लुम्बीनी प्रदेश, अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका र प्यूठान जिल्लाको झिमरुक गाउँपालिका, मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, सडक विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**<br>**सडक विभाग**<br>ठेगाना: चाकुपाट, ललितपुर, नेपाल<br>फोन नं: ०१-५२६०१७४<br>इ-मेल: mabhpd@dor.gov.np वेबसाइट: dor.gov.np |
| प्रस्तावको व्यहोरा | **गोखुङ्गा - बाग्दुला (२०.४ कि.मि) सडक स्तरोन्नति (कालोपत्रे)**<br>क्षेत्राधिकार (Right of way): ५० मि. (२५/२५ मि. दुवैतिर)<br>फर्मेसन (Formation) चौडाई: ९ मि. |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा। | अर्घाखाँची जिल्ला, मालारानी गाउँपालिका<br>प्यूठान जिल्ला, झिमरुक गाउँपालिका, मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

| **प्रस्तावकको नाम र ठेगाना** | **सम्बन्धित मन्त्रालयको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|---|
| **मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**<br>**सडक विभाग**<br>ठेगाना: चाकुपाट, ललितपुर, नेपाल<br>फोन नं: ०१-५२६०१७४<br>इ-मेल:mabhpd@dor.gov.np<br>वेबसाइट: dor.gov.np | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन नं.: ०१-४२११७३२/४२११९३१<br>इ-मेल: info@mopit.gov.np<br>वेबसाइट: mopit.gov.np | Madina Engineering Consultancy Pvt. Ltd.<br>ठेगाना: सानेपा, ललितपुर<br>फोन नं .: ९८४६७०११५५<br>इ-मेल: elateforu@gmail.com |

इ. अशोक तिवारी
आयोजना निर्देशक